फक्ताङलुङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
तापेथोक, ताप्लेजुङ
१ नं प्रदेश, नेपाल

# स्थानीय राजपत्र

खण्ड: २ | संख्या: ६ | मिति: २०८०/०७/०२

**भाग-२**

**कार्यपालिकाबाट जारी नियमावली निर्देशिका र कार्यविधिहरु नेपालको संविधानको धारा २२६ बमोजिम फक्ताङलुङ गाउँपालिकाले बनाएको तल लेखिए बमोजिमको नियम सर्वसाधरणको जानकारीका लागि प्रकाशन गरिएको छ ।**

कार्यपालिकाबाट स्वीकृत मिति २०८०/०६/३०

# एकिकृत कृषि तथा पशुपन्छी अनुसन्धान केन्द्र सञ्चालन कार्यविधि, २०८०

प्रस्तावना: फक्ताङलुङ गाउँपालिकाको कृषि तथा पशुको उत्पादन तथा उत्पादकत्व बढाएर आयत प्रतिस्थापन तथा निर्यात प्रबर्धन गर्न, कृषि तथा पशु प्रणालीलाई प्रविधिमैत्री र आधुनिकीकरण गरी उत्पादन वृद्धि गरी आत्मनिर्भर बन्न एकिकृत कृषि तथा पशुपन्छी अनुसन्धान केन्द्र सञ्चालन कार्यक्रम सुव्यवस्थित ढंगबाट सञ्चालन गर्न वाञ्छनीय भएकोले,

"प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन, २०७४ को दफा ४" बमोजिम कार्यपालिकाले यो कार्यविधि स्वीकृत गरी लागू गरेको छ ।

## परिच्छेद-१

### प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ**: (१) यो कार्यविधिको नाम “एकिकृत कृषि तथा पशुपन्छी अनुसन्धान केन्द्र सञ्चालन कार्यविधि,२०८०” रहेको छ।

(२)यो कार्यविधि कार्यपालिकाबाट स्वीकृत भएको मितिदेखि लागू हुनेछ ।

२. **परिभाषा:**विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "कार्यपालिका" भन्नाले फक्ताङलुङ गाउँपालिकाको गाउँकार्यपालिकालाई सम्झनुपर्छ।

(ख) "समिति" भन्नाले यस कार्यविधिको दफा ३ बमोजिम गठन भएको एकिकृत कृषि तथा पशुपन्छी अनुसन्धान केन्द्र व्यवस्थापन समिति सम्झनु पर्छ ।

(ग) "अनुसन्धान केन्द्र" भन्नाले गाउँपालिकाले सञ्चालन गरेको एकिकृत कृषि तथा पशुपन्छी अनुसन्धान केन्द्रलाई जनाउँछ ।

(घ) "कृषक" भन्नाले फक्ताङलुङ गाउँपालिकाको कृषि पेशामा आबद्ध नागरिक सम्झनु पर्छ । साथै सो शब्दले कृषक समूह, कृषि सहकारी तथा कृषि र पशु सेवामा आबद्ध संस्थालाई समेत सम्झनुपर्छ ।

(ङ) "कृषि उपज" भन्नाले कृषि क्षेत्रबाट उत्पादित फलफुल, तरकारी, खाद्यान्न, तेलहन, दलहन, मसलाबाली लगायत समितिले तोकेको अन्य खाद्य वस्तुहरुका उत्पादनलाई सम्झनुपर्छ ।

(च) "गाउँपालिका" भन्नाले फक्ताङलुङ गाउँपालिकालाई सम्झनुपर्छ ।

(छ) "पशु उपज" भन्नाले पशुपालन क्षेत्रबाट उत्पादित दुध, दही, मही, अण्डा, मासु लगायत समितिले तोकेको अन्य खाद्य वस्तुहरुका उत्पादनलाई सम्झनुपर्छ ।

(ज) "अध्यक्ष" भन्नाले फक्ताङलुङ गाउँपालिकाको अध्यक्ष सम्झनु पर्छ।

(झ) "उपाध्यक्ष" भन्नाले फक्ताङलुङ गाउँपालिकाको उपाध्यक्ष सम्झनु पर्छ ।

(ञ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले फक्ताङलुङ गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्छ ।

(ट) "शाखा" भन्नाले गाउँपालिकाको कृषि विकास शाखा तथा पशु सेवा शाखालाई सम्झनु पर्छ ।

## परिच्छेद- २

## अनुसन्धान केन्द्र सञ्चालन सम्बन्धी व्यवस्था



नवीन तेम्बे
प्रमुख प्रशासकिय अधिकृत

३. **एकिकृत कृषि तथा पशुपन्छी अनुसन्धान केन्द्र व्यवस्थापन समितिको गठनः**(१) एकिकृत कृषि तथा पशुपन्छी अनुसन्धान केन्द्र सञ्चालनको व्यवस्थापन, रेखदेख तथा अनुगमन गर्न एक एकिकृत कृषि तथा पशुपन्छी अनुसन्धान केन्द्र व्यवस्थापन समिति रहनेछ ।

(२) उपदफा (१) बमोजिम गठन हुने समितिमा देहाय बमोजिमका संयोजक तथा सदस्यहरु रहनेछन्:-

(क) गाउँपालिका अध्यक्ष - संयोजक

(ख) गाउँपालिका उपाध्यक्ष - सदस्य

(ग) प्रमुख प्रशासकीय अधिकृत - सदस्य

(घ) आर्थिक विकास समितिको संयोजक - सदस्य

(ङ) गाउँपालिकाको कृषि विकाश शाखा र पशु सेवा शाखाका प्रमुख वा प्रमुखको सिफारिसमा १/१ जना कर्मचारी गरी संयोजकबाट मनोनित २ जना - सदस्य

(च) गाउँपालिकाको योजना शाखा प्रमुख - सदस्य सचिव

(३) समितिको कुल सदस्य सङ्ख्या मध्ये एकाउन्न प्रतिशत सदस्य उपस्थित भएमा बैठक बस्नको लागि गणपुरक सङ्ख्या पुगेको मानिनेछ ।

(४) समितिको बैठक आवश्यकता अनुसार बस्नेछ । समितिको बैठक भत्ता कार्यपालिकाले निर्धारण गरे बमोजिम हुनेछ ।

(५) समितिको बैठक सम्बन्धी अन्य व्यवस्था र कार्यविधि समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

४. **समितिको काम, कर्तव्य र अधिकार** :(१) दफा ३ बमोजिम गठन भएको समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ।

(क) अनुसन्धान केन्द्र पारदर्शी, सरल, भरपर्दो र व्यवस्थित रुपमा सञ्चालन गर्ने,

(ख) अनुसन्धान केन्द्रको विकास, विस्तार र गुणस्तरीय बढाउने सम्बन्धमा कार्ययोजना बनाई लागू गर्ने,



नवीन तेम्बे
प्रमुख प्रशासकिय अधिकृत

(ग) संघ, प्रदेश र स्थानीय तहका सम्बन्धित मन्त्रालय, सहयोगी संस्था, दातृ निकायहरुसँगको सहयोग, समन्वय एवं सहकार्यमा अनुसन्धान केन्द्र सञ्चालन एवं स्तरोन्नतीका योजनाहरु तर्जुमा गरी सञ्चालन गर्ने,

(घ) कृषि उपज तथा पशु उपजका समसामयिक अवस्था बारे समिक्षा बैठक गर्ने,

(ङ) आधुनिक नर्सरी स्थापना गरी विभिन्न प्रकारका उच्च मुल्य र कोटीका बनस्पतिहरुका बिरुवा उत्पादन गरी सर्वसुलभ रुपमा लागत साझेदारीमा वितरण गर्ने,

(च) निर्वाहमुखी परम्परागत कृषि प्रणालीलाई प्रविधिमैत्री, आधुनिकीकरण तथा यान्त्रीकरणको लागि आवश्यक उपकरण तथा प्रविधि विस्तार गर्ने,

(छ) पशुजन्य खाद्यपदार्थ आपूर्तिका लागी उन्नत जातका पशुपन्छी खरिद गरी पशुपालन गर्ने,

(ज) अन्य काम, कर्तव्य र अधिकार कार्यपालिकाले तोके बमोजिमहुने ।

(२)समितिको सदस्य-सचिवले सेवा प्रवाहको स्थितीको चौमासिक विवरण कार्यपालिकामा पेश गर्नु पर्नेछ ।साथै बार्षिक अद्यावधिक विवरण प्रत्येक वर्षको असार मसान्तमा कार्यापालिकामा पेश गरी गाउँ सभामा अनुमोदन गराउनुपर्नेछ ।

## परिच्छेद-३

## अनुसन्धान केन्द्र निर्माण तथा प्रयोग सम्बन्धी व्यवस्था

५. अनुसन्धान केन्द्र स्थल:(१) गाउँपालिकाको वडा नं. ५ स्थित छिरुवामा एकिकृत कृषि तथा पशुपन्छी अनुसन्धान केन्द्र स्थापना गरिनेछ । सो अनुसन्धान केन्द्र स्थापनाका लागि आवश्यक जग्गा भाडामा लिन सकिनेछ ।

(२) अनुसन्धान केन्द्रको निमार्णका लागि देहाय बमोजिमको सेवा, सुविधा तथा पूर्वाधार पुगेको जग्गा हुनु पर्दछ;

(क) सडक यातायातको पहूँच भएको,

(ख) सिंचाईको उपलब्धता भएको,

(ग) विद्युतको उपलब्धता भएको,

(घ) बजार पूर्वाधार भएको,

(ङ) तोकिएको क्षेत्रफलमा चक्लाबन्दी गर्न सकिने व्यवस्था भएको ।

(३) दफा ३ बमोजिमको समितिले कृषि तथा पशु उपजको लागि जग्गा छनौट गर्नेछ ।



नवीन तेम्बे
प्रमुख प्रशासकिय अधिकृत

६. अनुसन्धान केन्द्रको प्रयोग : (१) अनुसन्धान केन्द्रको प्रयोग कृषि तथा पशु उपजको लागि देहाय बमोजिम हुनेछ :

(क) कृषि तर्फ तरकारी, अन्न, गेडागुडी, दलहन, तेलहन, फलफुल लगायत अन्य बालीनाली तथा पशुपालन तर्फ खोर, गोठ निर्माण लगायतका लागि अनुसन्धान केन्द्रको जग्गा पर्याप्त भएमा र आवश्यकताको आधारमा दफा ३ बमोजिमको समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

(ख) कृषि उपजमा बृद्धि गर्न माटोको परीक्षण गरी स्थानीय भूगोल र हावापानी सुहाउदो कृषि पेशा अवलम्बन गरिनेछ ।

(ग) बालीनालीमा लाग्ने विभिन्न किसिमका रोग तथा किरा सम्बन्धी अध्ययन, अनुसन्धान गरी स्थानीय कृषकलाई जानकारी तथा सचेत गराउन पहल गरिनेछ ।

(घ) पशु स्वास्थ्य परीक्षण गरी स्वस्थ्यकर पशु उपज उपलब्ध अनुसन्धान केन्द्र गराउनेछ ।

(ङ) कृषि तथा पशुपालन सम्बन्धी कार्यक्रमको सूची दफा ३ बमोजिमको समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

(च) आधुनिक तथा टनेल खेती मार्फत कृषि उपज बढाईनेछ ।

(छ) मा. वि. तह अध्ययनरत विद्यार्थीलाई समय समयमा कृषि तथा पशु सम्बन्धी तालिम प्रदान गरिनेछ ।

(ज) कृषि तथा पशु सम्वन्धी विज्ञसँग परामर्श लिई कृषि तथा पशु उपजमा नविन तथा आमुल परिवर्तन हुने विभिन्न क्रियाकलाप गरिनेछ ।

## परिच्छेद-४

## कृषि तथा पशु उपज संकलन केन्द्र तथा कोष सम्बन्धी व्यवस्था

७. कृषि तथा पशु उपज संकलन केन्द्र सम्बन्धी व्यवस्था: एकिकृत कृषि तथा पशुपन्छी अनुसन्धान केन्द्रबाट उत्पादित कृषि तथा पशु उपज संकलन तथा भण्डारण गर्न एक कृषि तथा पशु उपज संकलन केन्द्रको व्यवस्था दफा ३ बमोजिमको समितिबाट गरिनेछ । संकलन केन्द्रमा भण्डारण भएका कृषि तथा पशु उपज बिक्री मूल्य निर्धारण समितिले गरे बमोजिम हुनेछ ।

८. अनुसन्धान केन्द्र सञ्चालन कोषको व्यवस्था:(१) अनुसन्धान केन्द्रबाट उत्पादित कृषि तथा पशु उपज बिक्री बापत उठेको रकम जम्मा गर्न, अनुसन्धान केन्द्रमा खटिने तथा



नवीन तेजी
...कीय अधिकृत

खटाइएका कर्मचारी तलब भत्ताको व्यवस्था गर्न तथा अनुसन्धान केन्द्र मर्मत संभार गरी नियमित सञ्चालन गर्न एक छुट्टै अनुसन्धान केन्द्र सञ्चालन कोषको व्यवस्था गरिनेछ। कोषको श्रोतहरु देहाय बमोजिम हुनेछः

(क) कृषि तथा पशु उपज बिक्रीबाट प्राप्त रकम,

(ख) नेपाल सरकार, प्रदेश सरकार, गाउँपालिका र कुनै संस्था वा व्यक्तिबाट अनुसन्धान केन्द्र सञ्चालनका लागि प्राप्त रकम,

(ग) अन्य श्रोतबाट प्राप्त गरेको रकम ।

(२) कोषमा प्राप्त हुने सबै रकम गाउँपालिकाको एउटा छुट्टै वैंक खातामा जम्मा गर्नु पर्नेछ।

(३) कोषमा जम्मा भएको रकमबाट देहाय बमोजिमको खर्च मात्र व्यहोरिनेछ;

(क) अनुसन्धान केन्द्रमा काम गर्ने कर्मचारीको तलब, भत्ता तथा अन्य सेवा सुविधा,

(ख) अनुसन्धान केन्द्र मर्मत सम्भार तथा मेसिनरी उपकरण खर्च,

(ग) समितिको बैठक भत्ता,

(घ) अनुसन्धान केन्द्रमा आउने अन्य भैपरी खर्चहरु ।

(४) कोषको खाता सञ्चालन प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृत र आर्थिक प्रशासन शाखाको प्रमुखको संयुक्त दस्तखतबाट संचालन हुनेछ ।

(५) कोष सञ्चालन सम्बन्धी अन्य व्यवस्था कार्यपालिकाले निर्धारण गरे बमोजिम हुनेछ ।

## परिच्छेद-५
## विविध

९. लेखा र लेखापरीक्षण :

(१)अनुसन्धान केन्द्र सञ्चालन कोषको आय व्ययको लेखा आर्थिक प्रशासन ऐन नियम बमोजिम आर्थिक प्रशासन शाखाले राखेछ ।

(२)अनुसन्धान केन्द्र कोषको लेखा परीक्षण महालेखा परीक्षकको कार्यालयबाट बार्षिक रुपमा गरिनेछ ।

१०.कार्यविधिको व्यख्या : यो कार्यविधिको अन्तिम व्यख्या गाउँ कार्यपालिकाले गर्नेछ ।

११.कार्यविधि संसोधन : यो कार्यविधि कार्यपालिकाले आवश्यक संसोधन गर्न सक्नेछ ।

१२.<u>यसै कार्यविधि बमोजिम भएको मानिने:</u> यस कार्यविधि लागू हुनुभन्दा अघि एकिकृत कृषि तथा पशुपन्छी अनुसन्धान केन्द्र सञ्चालन सम्बन्धी गाउँपालिकाबाट सम्पादन भएका काम कारवाही नबाझिएको हदसम्म यसै कार्यविधि बमोजिम भएको मानिनेछ ।

१३.<u>बाधा अड्काउ फुकाउने :</u> यस कार्यविधिमा उल्लिखित व्यवस्था कार्यान्वयन गर्दा कुनै बाधा अड्काउ आईपरेमा कार्यपालिकाले निर्णय गरी त्यस्तो बाधा अड्काउ फुकाउन सक्नेछ।

आज्ञाले,
श्री नवीन तेम्बे
प्रमुख प्रशासकीय अधिकृत